# संघीय संसद

## सूचनापत्र-४

२०७८ साल वैशाख ५ गते

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट २०७४ सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा वागमती प्रदेशबाट निर्वाचित माननीय सदस्य रामबहादुर थापा मगरले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१ र दफा ३२ को उपदफा (१) को खण्ड (ख) बमोजिम दल त्याग गरेको व्यहोरा जनाई उक्त पार्टीको संसदीय दलले निर्णय गरी दफा ३४ को उपदफा (२) बमोजिम प्रक्रिया अगाडि बढाई दिन भनी सोही दलका राष्ट्रिय सभाका नेता माननीय दीनानाथ शर्माद्वारा लिखित पत्रका साथ संघीय संसद सचिवालयमा मिति २०७७/१२/२७ गते सूचना प्राप्त भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) बमोजिम राष्ट्रिय सभा सदस्य माननीय रामबहादुर थापा मगरको पद रिक्त हुन आएकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) तथा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८६ को उपनियम (२) बमोजिम राष्ट्रिय सभाका सम्माननीय अध्यक्षबाट स्वीकृत भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**डा. भरतराज गौतम**
**संघीय संसदको महासचिव**